# कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७

नेपाल राजपत्रमा प्रकाशित मिति
२०७७।१२।०२

संशोधन गर्ने ऐन

१. कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) (पहिलो संशोधन) नियमावली, २०७७ २०८३।०६।०१

कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ४० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० सम्झनु पर्छ।

(ख) "कसूरजन्य सम्पत्ति वा साधन" भन्नाले कसूरबाट प्राप्त सम्पत्ति वा कसूरसँग सम्बन्धित साधन सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला बाहेकका अन्य जिल्लाको जिल्ला प्रशासन कार्यालय सम्झनु पर्छ।

## परिच्छेद-२

## सम्पत्ति वा साधन रोक्का तथा नियन्त्रण

३. **कसूरजन्य सम्पत्ति वा साधनको खोजतलासः** (१) अनुसन्धान अधिकारीले कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा कुनै व्यक्तिसँग कसूरजन्य सम्पत्ति वा साधन रहे भएको देखिएमा वा त्यस्तो सम्पत्ति वा साधन कुनै निकाय, संस्था वा व्यक्तिले लुकाई छिपाइ राखेको शङ्का गर्नु पर्ने मनासिब वा पर्याप्त आधार भएमा त्यस्तो सम्पत्ति वा साधनको खोजतलास गर्नु पर्नेछ।



नेपाल कानून आयोग

(२) उपनियम (१) बमोजिम खोजतलास गर्ने सिलसिलामा अनुसन्धान अधिकारीले प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी सोधपुछ गर्न, बयान लिन, खानतलासी गर्न र प्राप्त सम्पत्ति बरामद गर्न सक्नेछ।

४. **कसूरजन्य सम्पत्ति वा साधनको पहिचानः** (१) अनुसन्धान अधिकारीले नियम ३ बमोजिम सम्पत्ति वा साधनको खोजतलास गर्दा कुनै सम्पत्ति वा साधन फेला पारेमा त्यस्तो सम्पत्ति वा साधन कसूरजन्य सम्पत्ति वा साधन हो वा होइन भन्ने कुराको यकीन गरी पहिचान गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम अनुसन्धान अधिकारीले कुनै सम्पत्ति वा साधन कसूरजन्य सम्पत्ति वा साधन हो वा होइन भन्ने कुराको यकीन गर्दा देहायको आधार लिन सक्नेछ :-

(क) त्यस्तो सम्पत्ति वा साधनको सरकारी निकाय वा अन्य कुनै निकायले अभिलेख राख्ने रहेछ भने त्यस्तो अभिलेख,

(ख) त्यस्तो सम्पत्ति वा साधन प्राप्तिको आधार र स्रोत,

(ग) त्यस्तो सम्पत्ति वा साधन प्राप्त गर्दाको अवस्था,

(घ) अनुसन्धान अधिकारीले आवश्यक ठानेको अन्य आधार।

५. **रोक्का राख्ने वा नियन्त्रणमा लिनेः** नियम ४ बमोजिम पहिचान भएको सम्पत्ति वा साधन अनुसन्धान अधिकारीले ऐनको दफा ४ बमोजिम कसैले उपयोग तथा हक वा स्वामित्व हस्तान्तरण गर्न नपाउने गरी तत्काल रोक्का राख्नु वा नियन्त्रणमा लिनु पर्नेछ।

६. **मूल्याङ्कन गर्नु पर्नेः** (१) नियम ५ बमोजिम रोक्का राखेको वा नियन्त्रणमा लिएको सम्पत्ति वा साधनको सम्बन्धमा अनुसन्धान अधिकारीले ऐनको दफा १९ को उपदफा (१) बमोजिमको आधारमा मूल्याङ्कन गरी मूल्य खुलाई सोको अभिलेख राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम मूल्य कायम गर्दा त्यस्तो सम्पत्ति वा साधनको गुणस्तर, प्रयोगको अवस्था तथा अवधि समेतलाई दृष्टिगत गरी मूल्य कायम गर्नु पर्नेछ।

७. **सहयोग लिन सक्नेः** (१) कसूरजन्य सम्पत्ति वा साधन खोजतलास गर्दा, त्यस्तो सम्पत्ति वा साधन रोक्का वा नियन्त्रणमा लिंदा वा त्यस्तो सम्पत्ति वा साधनको मूल्य कायम गर्दा अनुसन्धान अधिकारीले आवश्यकता अनुसार कुनै सरकारी निकाय, स्थानीय तह, संस्था वा व्यक्तिसँग आवश्यक सहयोग माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सहयोग माग गरेमा आवश्यक सहयोग गर्नु सम्बन्धित सरकारी निकाय, स्थानीय तह, संस्था वा व्यक्तिको कर्तव्य हुनेछ।

नेपाल कानून आयोग

८. **<u>विवरण पठाउनु पर्ने</u>**: (१) अनुसन्धान अधिकारीले कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियम ५ बमोजिम रोक्का राखेको वा नियन्त्रणमा लिएको सम्पत्ति वा साधनको विवरण अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालय वा विभागमा पठाउनु पर्नेछ।

≅(१क) उपनियम (१) बमोजिम विवरण पठाउँदा देहायका कागजात तथा विवरण संलग्न गर्नु पर्नेछ :-

(क) अनुसन्धान वा मुद्दासँग सम्बन्धित विवरण खुल्ने कागजात सहितको पत्र,

(ख) कुनै सम्पत्ति वा साधन लिज वा भाडामा दिएको वा अन्य कुनै किसिमले आम्दानी हुने गरी प्रयोग गरेको भएमा सोको विवरण,

(ग) सवारी साधनको हकमा अनूसूची-१क. बमोजिमको र सवारी साधनबाहेक अन्य वस्तुको हकमा अनुसूची-१ख. बमोजिमको ढाँचाको बरबुझारथ भरपाई।

(२) उपनियम (१) बमोजिम अनुसन्धान अधिकारीबाट विवरण प्राप्त भएपछि कार्यालयले सोको अभिलेख राखी प्रत्येक महिना त्यस्तो विवरण विभागमा पठाउनु पर्नेछ।

(३) ऐनको दफा ६ बमोजिम कार्यालयले बैङ्कमा जम्मा गरेको विदेशी मुद्रा, विनिमेय अधिकारपत्र वा बहुमूल्य धातु वा वस्तु सम्बन्धी विवरण र ऐनको दफा ७ बमोजिम धरौटी खातामा जम्मा गरेको रकमको विवरण प्रत्येक महिना अनुसूची-२ बमोजिमको ढाँचामा विभागमा पठाउनु पर्नेछ।

(४) यस नियम बमोजिम विवरण पठाउँदा विद्युतीय माध्यमबाट समेत पठाउन सकिनेछ।

≅**८क.** **<u>कागजात संलग्न गर्नुपर्ने</u>** : (१) ऐनको दफा २१ को उपदफा (२) बमोजिम लिलाम बिक्री गर्न वा सरकारी कामका लागि उपयोग गर्न अदालतको आदेश बमोजिमको सम्पत्ति वा साधन अदालतबाट विभाग वा कार्यालयमा बुझाउँदा देहायका कागजात संलग्न गरी बुझाउनु पर्नेछ :-

(क) अदालतको आदेशको प्रतिलिपि,

---

≅ पहिलो संशोधनद्वारा थप।

(ख) सवारी साधनको हकमा अनुसूची-१क. बमोजिमको र सवारी साधन बाहेक अन्य वस्तुको हकमा अनुसूची-१ख. बमोजिमको ढाँचाको बरबुझारथ भरपाई।

(२) उपनियम (१) बमोजिम विभाग वा कार्यालयमा प्राप्त भएका सम्पत्ति वा साधनको व्यवस्थापन गर्न आवश्यक पर्ने कागजात वा अन्य विवरण विभाग वा कार्यालयले अदालत वा अन्य निकायबाट माग गर्न सक्नेछ।

**≅परिच्छेद-२क.**

**<u>सम्पत्ति वा साधनको मूल्याङ्कन</u>**

**८ख.** **<u>घर जग्गाको मूल्याङ्कन</u>** : (१) अदालतको फैसला वा आदेश बमोजिम जफत हुने ठहर भएको घर जग्गाको मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिले ऐनको दफा १९ मा उल्लिखित आधारका अतिरिक्त देहायका विषयलाई समेत आधार लिनुपर्नेछ :-

(क) घर जग्गा भएको क्षेत्रमा चालु आर्थिक वर्षमा भूमि प्रशासन सम्बन्धी कार्यालयले घरजग्गाको रजिष्ट्रेशन लिखत पारित गर्ने सम्बन्धमा निर्धारण गरेको मूल्य,

(ख) घर जग्गा भएको स्थानीय तहमा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त "क" वर्गको बैङ्क तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्ने प्रयोजनको लागि धितो मूल्याङ्कन गर्दा निर्धारण गरेको मूल्य,

(ग) खण्ड (ख) बमोजिम सम्बन्धित स्थानीय तहमा कर्जा प्रवाह नभएको अवस्थामा सम्बन्धित जिल्लामा कर्जा प्रवाह गर्ने प्रयोजनको लागि धितो मूल्याङ्कन गर्दा निर्धारण गरेको मूल्य,

(घ) सम्पत्ति करको लागि सम्बन्धित स्थानीय तहबाट निर्धारण भएको मूल्य,

(ङ) पक्की घर भए घर निर्माणको लागि प्रति वर्ग फिट मूल्यको आधारमा कायम हुने मूल्य, र

(च) घरजग्गामा रहेको अन्य संरचनाको मूल्याङ्कन गर्दा सम्बन्धित प्राविधिकले निर्धारण गरेको मूल्य।

≅ पहिलो संशोधनद्वारा थप।



नेपाल कानून आयोग

(२) उपनियम (१) बमोजिम घरजग्गाको मूल्याङ्कन गर्दा सो उपनियममा उल्लिखित सबै आधारबाट मूल्याङ्कन रकम निर्धारण हुन नसकेमा कम्तीमा दुई वटा आधार लिई मूल्याङ्कन अङ्क कायम गर्नु पर्नेछ।

(३) अदालतको फैसला वा आदेशमा घर वा जग्गा वा घरजग्गाको केही भाग मात्र जफत हुने ठहरेको वा आंशिक रूपमा विगो जफत भई केही भाग घर, जग्गा वा घरजग्गा जफत हुने ठहरेको र त्यस्तो घर,जग्गा वा घरजग्गा कित्ताकाट हुन नसक्ने वा सार्वजनिक हितको लागि प्रयोग गर्न नसकिने देखिएमा त्यस्तो भागको मूल्य निर्धारण गर्दा उपनियम (१) बमोजिमको मूल्याङ्कनको आधारमा गर्नु पर्नेछ।

(४) यस नियमबमोजिम घर वा जग्गाको मूल्याङ्कनको लागि ऐनको दफा १८ बमोजिमको मूल्याङ्कन समितिले आवश्यकताअनुसार उपसमिति गठन गर्न सक्नेछ।

८ग. <u>जफत भएको सम्पत्तिबाट बढे बढाएको सम्पत्ति र सोको मूल्याङ्कन</u> : (१) अदालतको फैसला वा आदेशमा जफत भएको सम्पत्ति वा साधनको बढे बढाएको रकमसमेत जफत हुने ठहर भएकोमा देहायको सम्पत्तिलाई बढे बढाएको मानिनेछः-

(क) घर वा जग्गामा रहेको अन्य संरचना भाडामा वा लिजमा दिई प्राप्त गरेको आय,

(ख) घर वा जग्गामा रहेको संरचनामा सम्बन्धित व्यक्तिले कुनै व्यवसाय गरेको भए सो घर वा जग्गामा रहेको संरचना भाडामा लगाउँदा प्राप्त हुने बराबरको आय।

(२) उपनियम (१) बमोजिम बढे बढाएको रकमको मूल्याङ्कन गर्दा भाडा वा लिजमा दिंदा लिखित सम्झौता भएको भए सोहीबमोजिम तथा लिखित सम्झौता नभएको भए देहायको कुनै आधार लिई गर्नु पर्नेछ :-

(क) कुनै सरकारी निकायमा बहाल कर तिरेको भए सोको आधारमा, वा

(ख) स्थानीय तहको वडाले निर्धारण गरेको रकमको आधारमा।

(३) अदालतको फैसला वा आदेश बमोजिम जफत भएको जग्गाको बढे बढाएको मूल्याङ्कन गर्दा जग्गा खरिद गर्दाको मूल्य र जफतको लागि मूल्याङ्कन हुने वर्षको मूल्यमा भएको फरक लिई बढे बढाएको मूल्य कायम गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम जफत गर्ने वर्षको मूल्याङ्कन गर्दा नियम ८ख. बमोजिम गर्नु पर्नेछ।

नेपाल कानून आयोग

८घ. **<u>जग्गा धनीलाई छाडिदिन सकिने</u>** : (१) अदालतबाट जफत हुने ठहरेको ऐनको दफा १७ को उपदफा (३) बमोजिमको जग्गाको हकमा नियम ८ख. बमोजिम मूल्याङ्कन भई कायम भएको रकम त्यसरी मूल्याङ्कन भएको पैंतिस दिनभित्र सम्बन्धित जग्गाधनीले कोषमा दाखिला गरेमा विभाग वा कार्यालयले सम्बन्धित जग्गा धनीलाई त्यस्तो जग्गा छाडिदिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र सम्बन्धित जग्गाधनीले कोषमा रकम दाखिला नगरेमा विभाग वा कार्यालयले सो जग्गा लिलाम बिक्री गर्ने वा नेपाल सरकारको नाममा स्वामित्व कायम गर्ने प्रक्रिया अघि बढाउनु पर्नेछ।

८ङ. **<u>रकम दाखिला गर्नुपर्ने</u>** : अदालतबाट जरिबाना वा अन्य कुनै रकम अचल सम्पत्तिबाट असुल गर्नुपर्ने फैसला भई सोबमोजिम लिलाम बिक्री गरिएको त्यस्तो अचल सम्पत्तिबाट प्राप्त रकममध्ये फैसलामा उल्लिखित जरिबाना वापतको रकम सञ्चित कोषमा र अन्य रकम कोषमा दाखिला गर्नु पर्नेछ।

८च. **<u>सवारी साधनको मूल्याङ्कन</u>** : (१) ऐनको दफा १७ वा २१ बमोजिम लिलाम बिक्री गर्नुपर्ने नेपालमा दर्ता भएका सवारी साधनको मूल्याङ्कन गर्दा विभाग वा कार्यालयले ऐनको दफा १९ मा भएको व्यवस्थाका अतिरिक्त देहायका विषयलाई समेत आधार लिनु पर्नेछः-

(क) सवारी साधन चालु अवस्थामा भए नभएको, हालको अवस्था, उपयोगिता, सवारी साधन प्रयोग गर्न मिल्ने अन्तिम अवधि वा समयसीमा, ह्रासकट्टी, अवशेष मूल्य,

(ख) मोडेल, सवारी उत्पादन भएको वर्ष र मोडेल आउटडेटको अवस्था, र

(ग) भन्सार नतिरेको सवारी साधन भएमा भन्सार महसुल तथा प्रचलित कानूनबमोजिम लाग्ने कर।

(२) ऐनको दफा १७ वा २१ बमोजिम लिलाम बिक्री गर्नुपर्ने नेपालमा दर्ता नभएको सवारी साधनको हकमा मोडेल र उत्पादन वर्षको आधारमा आधिकारिक बिक्रेताबाट विवरण लिई उपनियम (१) बमोजिमको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ।

(३) ऐनको दफा १७ वा २१ बमोजिम लिलाम बिक्री गर्नु पर्ने सवारी साधनको मोडेल र उत्पादन वर्ष नेपालका आधिकारिक बिक्रेताले खुलाउन नसकेको वा त्यस्तो सवारी साधनको आधिकारिक बिक्रेता नेपालमा नभएको अवस्थामा विभाग वा कार्यालयले मोडेल र उत्पादन वर्ष खुलाउन देहायका आधार लिनु पर्नेछ :-

नेपाल कानून आयोग

(क) सवारी साधनको पहिचान नम्बर (भि. आई. एन.) वा च्यासिस नम्बर डिकोडर यूज,

(ख) आई. एस. ओ. (इन्टरनेशनल अरगनाइजेशन फर स्ट्याण्डर्डाइजेशन) को भि. आई. एन. वा च्यासिस सम्बन्धी प्रचलित स्ट्याण्डर्ड कोड, र

(ग) खण्ड (क) र (ख) बमोजिम मोडेल र उत्पादन वर्ष खुल्न नसकेमा अन्य कुनै उपयुक्त आधार।

(४) उपनियम (३) बमोजिम सवारी साधनको मोडेल र उत्पादन वर्ष खुले पश्चात अन्तर्राष्ट्रिय बजार मूल्य र सो मूल्यमा लाग्ने भन्सार शुल्क समेतका आधारमा त्यस्तो सवारी साधनको मूल्याङ्कन गर्नु पर्नेछ।

(५) यस नियमबमोजिम सवारी साधनको मूल्याङ्कन गर्दा कायम हुन आएको मूल्यमा पच्चिस प्रतिशत, पुनः मूल्याङ्कन गर्दा पहिलो पटक कायम हुन आएको मूल्यको पच्चिस प्रतिशत र दोस्रो पटक पुनः मूल्याङ्कन गर्दा पहिलो पटक पुनः मूल्याङ्कन गरेको मूल्यको पच्चिस प्रतिशत ह्रासकट्टी गरी त्यस्तो सवारी साधनको मूल्याङ्कित रकम कायम गर्नु पर्नेछ।

८छ. <u>जफत भएको बण्ड, डिबेञ्चर र शेयरको व्यवस्थापन</u> : (१) अदालतको फैसला वा आदेश बमोजिम जफत भएका दोस्रो बजारमा सूचीकृत बण्ड, डिबेञ्चर र शेयर विभाग वा कार्यालयले धितोपत्र बजारमार्फत बोलकबोलबाट बिक्री गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बोलकबोलबाट बिक्री गरिएका बण्ड, डिबेञ्चर र शेयरको व्यवस्थापन धितोपत्र बजारले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपनियम (१) बमोजिम बिक्रीको लागि मूल्य निर्धारण गर्दा ऐनको दफा १९ बमोजिम बिक्री गर्ने दिन भन्दा ठिक अघिल्लो दिनको बजार बन्द हुँदाको मूल्यलाई आधार लिनु पर्नेछ र एकभन्दा बढी धितोपत्र बजार क्रियाशील भएको अवस्थामा बढी मूल्य भएको बजारमार्फत मूल्य निर्धारण गर्नु पर्नेछ।

(४) अदालतको फैसला वा आदेश बमोजिम जफत भएका दोस्रो बजारमा सूचीकृत नभएका बण्ड, डिवेञ्चर वा शेयरको मूल्याङ्कनको लागि त्यस्तो बण्ड, डिबेञ्चर वा शेयर जारी गर्ने फर्म वा कम्पनीबाट विभाग वा कार्यालयले मूल्याङ्कनको लागि आवश्यक पर्ने विवरण माग गरी सो विवरणको आधारमा दोस्रो बजारमा सूचीकृत नभएका बण्ड, डिबेञ्चर वा शेयरको मूल्याङ्कन गर्नेछ।

(५) उपनियम (४) बमोजिम मूल्याङ्कन भई कायम भएको रकम त्यसरी मूल्याङ्कन भएको पैंतिस दिनभित्र सम्बन्धित फर्म वा कम्पनीले कोषमा दाखिला गरेमा

विभाग वा कार्यालयले सम्बन्धित फर्म वा कम्पनीलाई त्यस्तो बण्ड, डिबेञ्चर वा शेयर उपरको हक छाडिदिन सक्नेछ।

(६) उपनियम (५) बमोजिमको अवधिभित्र सम्बन्धित फर्म वा कम्पनीले रकम दाखिला नगरेमा विभाग वा कार्यालयले सो बण्ड, डिबेञ्चर वा शेयर लिलाम बिक्री गर्ने वा नेपाल सरकारको नाममा कायम गर्ने प्रक्रिया अघि बढाउनु पर्नेछ।

**८ज.** **<u>जफत भएको विनिमेय अधिकारपत्रको सटही</u>** : अदालतको आदेश वा फैसलाबमोजिम जफत भएको विनिमेय अधिकारपत्र जारी भएको बैङ्क वा वित्तीय संस्थालाई विभाग वा कार्यालयले त्यस्तो विनिमेय अधिकारपत्रको रकम सटही गरी कोषमा दाखिला गराउन पत्राचार गर्नु पर्नेछ।

## परिच्छेद-३

## <u>सम्पत्ति वा साधन लिलाम बिक्री, प्रयोग तथा नष्ट गर्ने सम्बन्धी</u>

**९.** **<u>धरौटी जम्मा गर्नु पर्नेः</u>** ऐन बमोजिम जफत गरिएका सम्पत्ति वा साधनको लिलाम बिक्रीमा सहभागी हुन चाहने व्यक्तिले ऐनको दफा १८ बमोजिम त्यस्तो सम्पत्ति वा साधनको मूल्याङ्कन भई कायम भएको रकमको बीस प्रतिशत रकम विभाग वा कार्यालयले तोकिदिएको धरौटी खातामा जम्मा गर्नु पर्नेछ।

**≅९क.** **<u>लिलाम बिक्रीको सूचना प्रकाशन गर्नुपर्ने</u> :** (१) ऐनको दफा २० बमोजिम सम्पत्ति वा साधन लिलाम बिक्रीको लागि सूचना प्रकाशन गर्दा विभाग वा कार्यालयले देहायको विवरण खुलाई प्रकाशन गर्नु पर्नेछ :-

(क) सम्पत्ति वा साधनको विवरण,

(ख) सम्पत्ति वा साधनको न्यूनतम मूल्य,

(ग) सम्पत्ति वा साधन लिलाम बिक्री हुने स्थान, मिति र समय,

(घ) अन्य आवश्यक कुराहरू।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशन गर्दा मूल्याङ्कन भएको सम्पत्ति वा साधनको छुट्टा छुट्टै रकम सहित एकमुष्ट रकम खुलाई प्रकाशन गर्नु पर्नेछ।

(३) यस नियमबमोजिम लिलाम बिक्रीमा भाग लिन चाहने व्यक्तिले देहाय बमोजिमको रकम तिरी विभागको महानिर्देशक वा कार्यालयको प्रमुख वा निजले तोकेको कर्मचारीको दस्तखत र विभाग वा कार्यालयको छाप सहित विभागले तोकेको ढाँचाको लिलाम सम्बन्धी फाराम खरिद गर्नु पर्नेछ :-

---

≅ पहिलो संशोधनद्वारा थप।



नेपाल कानून आयोग

(क) न्यूनतम मूल्य दश लाख रुपैयाँसम्म कायम भएको सम्पत्ति वा साधन भएमा एक हजार रुपैयाँ, र

(ख) न्यूनतम मूल्य दश लाख रुपैयाँ भन्दा बढी कायम भएको सम्पत्ति वा साधन भएमा दुई हजार रुपैयाँ।

(४) यस नियमबमोजिम लिलाम बिक्रीमा भाग लिन चाहने व्यक्तिले लिलाम सम्बन्धी फाराममा लिलाम सकार गर्न चाहेको सम्पत्ति वा साधन सहितको विवरण प्रष्ट खुलाई विभाग वा कार्यालयमा पेश गर्नु पर्नेछ।

(५) ऐनको दफा २१ बमोजिम सम्पत्ति वा साधनको लिलाम बिक्री गरेकोमा विभाग वा कार्यालयले त्यस्तो बिक्रीबाट प्राप्त रकमलाई लिलाम बिक्री भएको सम्पत्ति वा साधनको विवरण छुट्टिने गरी विभागको धरौटी खातामा राख्नु पर्नेछ।

≅**९ख. <u>कवाडीको रूपमा लिलाम बिक्री</u>** : (१) ऐनको दफा २० को उपदफा (८) बमोजिम कवाडीको रूपमा लिलाम बिक्री गर्ने सम्पत्ति वा साधनको मूल्याङ्कन गर्दा उद्योग वाणिज्य सम्बन्धी संस्था वा स्थानीय व्यवसायीबाट मूल्य सूची लिई सोको आधारमा वा सम्बन्धित विज्ञको मूल्याङ्कनको आधारमा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम मूल्याङ्कन गरेपछि लिलाम बिक्रीका लागि विभाग वा कार्यालयले समय तथा स्थान तोकी कम्तीमा सात दिनको सूचना विभाग वा कार्यालयको सूचनापाटी र वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको सूचना बमोजिम लिलाम बिक्रीमा सहभागी हुन चाहने फर्म, कम्पनी वा व्यक्तिले मूल्याङ्कित रकमको बीस प्रतिशत रकम विभाग वा कार्यालयले तोकेको धरौटी खातामा जम्मा गरी विभागले तोकेको ढाँचाको फाराम संलग्न गरी निवेदन दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम लिलाम बिक्रीमा सहभागी भएकामध्ये बढी मूल्य कबोल गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई विभाग वा कार्यालयले लिलाम सकार गर्न दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम लिलाम सकार गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई त्यस्तो सम्पत्ति वा साधन उठाई लैजान सम्पत्ति वा साधनको प्रकृति हेरी तीन दिनदेखि पन्ध्रदिनसम्मको म्याद दिनु पर्नेछ।

(६) बढी मूल्य कबोल गर्ने फर्म, कम्पनी वा व्यक्तिले लिलाम सकार नगरेमा वा सकार गरे पनि उपनियम (५) बमोजिम दिइएको म्यादभित्र सम्पत्ति वा साधन उठाई

≅ पहिलो संशोधनद्वारा थप।

नलगेमा निजले राखेको धरौटी जफत गरी सोभन्दा घटी दोस्रो, तेस्रो र आवश्यकताअनुसार क्रमशः पछिल्लो बढी मूल्य कबोल गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई लिलाम बिक्री गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम सम्पत्ति वा साधन लिलाम बिक्री नभएमा त्यस्तो सम्पत्ति वा साधनको पुनः मूल्याङ्कन गरी उपनियम (२), (३), (४), (५) र (६) बमोजिमको प्रकृया पूरा गरी लिलाम बिक्री गर्नु पर्नेछ।

(८) उपनियम (७) बमोजिम पुनः मूल्याङ्कन गर्दा पहिलेको मूल्याङ्कनबाट कायम हुन आएको मूल्यमा पच्चिस प्रतिशतसम्म घटाई मूल्य कायम गर्नु पर्नेछ।

(९) उपनियम (७) बमोजिम समेत लिलाम बिक्री हुन नसकेको सम्पत्ति वा साधन कार्यालयले वार्ताको माध्यमबाट लिलाम बिक्री गर्नु पर्नेछ। त्यसरी वार्ता गरी बिक्री गर्ने सम्पत्ति वा साधनको मूल्य विभाग वा कार्यालयले निर्धारण गरेबमोजिम हुनेछ।

१०. **<u>लिलाम बिक्री गरेको विवरण पठाउनेः</u>** (१) विभाग वा कार्यालयले ऐनको दफा २१ बमोजिम लिलाम बिक्री गरिएका सम्पत्ति वा साधनको विवरण लिलाम सकार गरेको सात दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित अदालतमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कार्यालयले अदालतमा पठाएको विवरणको लिखित जानकारी विभागलाई समेत दिनु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिमको विवरणको अभिलेख विभागले राख्नु पर्नेछ।

११. **<u>सम्पत्ति वा साधन प्रयोग गर्न सकिनेः</u>** (१) ऐन तथा यस नियमावली बमोजिम रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधन अनुसन्धान अधिकारीले नोक्सान नहुने वा कुनै किसिमले क्षति नपुग्ने गरी सुरक्षित राख्नु पर्नेछ।

(२) ऐन तथा यस नियमावली बमोजिम रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनबाट आयस्ता प्राप्त हुन सक्ने देखिएमा विभागले इच्छुक व्यक्ति वा संस्थासँग सरकारी सम्पत्ति लिजमा दिने सम्बन्धी प्रचलित कानून बमोजिम करार गरी त्यस्तो सम्पत्ति वा साधन भाडामा लगाउन वा लिजमा दिन वा खेतीयोग्य जग्गा भए खेती लगाउन वा अन्य कुनै आयस्ता हुने काममा प्रयोग गर्न वा उपयुक्त रूपमा व्यवस्थापन गर्न वा गराउन सक्नेछ।

(३) उपनियम (२) बमोजिम सम्पत्ति वा साधन प्रयोग गर्दा कुनै आयस्ता भएमा सोको सञ्चालन खर्च कटाई बाँकी रकम ऐनको दफा ७ बमोजिम धरौटी खातामा जम्मा गर्नु पर्नेछ।

**१२. <u>सम्पत्ति वा साधन नष्ट गर्नु पर्ने:</u>** (१) विभाग वा कार्यालयले ऐनको दफा ११ बमोजिम जफत भएको कुनै सम्पत्ति वा साधनमध्ये ऐनको दफा २० को उपदफा (८) बमोजिम लिलाम बिक्री हुन नसकेका, सार्वजनिक हित वा जनस्वास्थ्यको दृष्टिले प्रयोगमा ल्याउन नहुने भई नष्ट गर्नु पर्ने देखिएका, प्रचलित कानून बमोजिम नष्ट गर्नु पर्ने भनी उल्लेख भएका, सडिगली नष्ट भई जाने प्रकृतिका सम्पत्ति वा साधन नष्ट गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सम्पत्ति वा साधन नष्ट गर्दा विभागले भए महान्यायाधिवक्ताको कार्यालय, महालेखा नियन्त्रकको कार्यालय र प्रहरी प्रधान कार्यालयको प्रतिनिधिको रोहबरमा र कार्यालयले भए सम्बन्धित सरकारी वकील कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला प्रहरी कार्यालयको प्रतिनिधिको रोहबरमा नष्ट गर्नु पर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सम्पत्ति वा साधनको कुनै भाग पुनः प्रयोग गर्न सकिने वा लिलाम बिक्री हुन सक्ने भएमा त्यस्तो भाग छुट्याई बाँकी भाग मात्र नष्ट गर्नु पर्नेछ।

(४) उपनियम (१) वा (३) बमोजिम कुनै सम्पत्ति वा साधन नष्ट गर्नु अघि त्यस्तो सम्पत्ति वा साधनको नाम, परिमाण, अनुमानित मूल्य, त्यस्तो सम्पत्ति वा साधनको धनी वा प्राप्त गरिएको स्रोत र मिति समेत खुलाई मुचुल्का तयार गरी राख्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम तयार गरिएको मुचुल्काको प्रति विभागले भए सम्बन्धित अदालतमा र कार्यालयले भए विभाग र सम्बन्धित अदालतमा समेत पठाउनु पर्नेछ।

**१३. <u>नेपाल सरकारको नाममा कायम गर्ने:</u>** (१) ऐनको दफा ११ बमोजिम जफत हुने ठहरी ऐनको दफा २० बमोजिम लिलाम बिक्री हुन नसकेको वा ऐनको दफा १७ को उपदफा (२) बमोजिम नेपाल सरकारले उपयोग गर्ने निर्णय गरेको अचल सम्पत्ति नेपाल सरकारको नाममा कायम गर्न विभाग वा कार्यालयले सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले त्यस्तो सम्पत्ति नेपाल सरकारको नाममा कायम गरी सोको जानकारी विभाग र कार्यालयलाई दिनु पर्नेछ।

[≅]**१३क. <u>सवारी साधनको दर्ता</u>** : (१) ऐनबमोजिम लिलाम बिक्री गरेको वा सरकारी उपयोगका लागि प्रदान गरिएको सवारी साधन दर्ताको लागि विभाग वा कार्यालयले जुनसुकै यातायात व्यवस्था कार्यालयमा लेखी पठाउन सक्नेछ।

---

≅ पहिलो संशोधनद्वारा थप।

(२) उपनियम (१) बमोजिम दर्ता गर्न लेखी पठाउँदा त्यस्तो सवारी साधन कुन मुद्दाको रोहमा कुन मितिदेखि दर्ता रोक्का भएको हो सो विवरण तथा पहिले दर्ता कायम रहेको भए सोको विवरण समेत खुलाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम विभाग वा कार्यालयबाट लेखी आएमा सम्बन्धित यातायात व्यवस्था कार्यालयले सवारी साधन दर्ता गरी र पहिले दर्ता कायम भएकोमा सोको लगत कट्टासमेत गरी विभाग वा कार्यालयलाई जानकारी दिनु पर्नेछ।

**≅परिच्छेद-३क.**

**सम्पत्ति वा साधन उपयोग सम्बन्धी**

**१३ख. जफत भएको सम्पत्ति वा साधनको उपयोग** : (१) अदालतको फैसला वा आदेशबाट जफत हुने ठहरेको सम्पत्ति वा साधन कुनै सरकारी निकायले उपयोग गर्न चाहेमा त्यस्तो निकायले त्यस्तो सम्पत्ति वा साधन आवश्यक परेको आधार र कारण खुलाई विभाग वा कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कार्यालयमा लेखी आएमा कार्यालयले ऐनको दफा १८ को उपदफा (४) बमोजिमको समितिबाट त्यस्तो सम्पत्ति वा साधनको मूल्याङ्कन गराई विभागमा पठाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम विभागमा लेखी आएमा ऐनको दफा १८ को उपदफा (२) बमोजिमको समितिबाट त्यस्तो सम्पत्ति वा साधनको मूल्याङ्कन गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम माग भई उपनियम (२) वा (३) बमोजिम मूल्याङ्कन भएका सम्पत्ति वा साधन विभागले माग गर्ने सरकारी निकायलाई उपलब्ध गराउन सक्नेछ।

**१३ग. दशी प्रमाणको लागि पेश भएका सवारी साधनको उपयोग** : (१) अदालतमा दशी प्रमाणको रूपमा पेश भएका कुनै सवारी साधन उपयोग गर्न ऐनको दफा २१ को उपदफा (२) बमोजिम अदालतले आदेश दिएमा विभागको हकमा ऐनको दफा १८ को उपदफा (२) बमोजिमको समितिबाट र कार्यालयको हकमा ऐनको दफा १८ को उपदफा (४) बमोजिमको समितिबाट मूल्याङ्कन गराई आवश्यकताको आधारमा सरकारी निकायलाई उपयोग गर्न दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सवारी साधन उपयोग गर्दा सम्बन्धित निकायले यथोचित मर्मत सम्भार गरी उपयोग गर्नु पर्नेछ।

≅ पहिलो संशोधनद्वारा थप।

(३) यस नियमबमोजिम उपयोग गरिएको सवारी साधन दुर्घटना भएमा, चोरी भएमा वा हानि नोक्सानी भएमा सोको दायित्व सवारी साधन उपयोग गर्ने निकायले बहन गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम सरकारी निकायलाई उपयोगका लागि दिइएको सवारी साधन अदालतको अन्तिम फैसलाबाट जफत हुने ठहरेमा ऐनको दफा १७ को उपदफा (४) बमोजिम सो सवारी साधन सम्बन्धित निकायको नाममा कायम गर्न विभाग वा कार्यालयले नियम १३क. बमोजिम सम्बन्धित यातायात व्यवस्था कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(५) अदालतले अन्तिम फैसला गर्दा उपनियम (१) बमोजिम उपयोग गर्न दिइएको सवारी साधन जफत नहुने ठहरेमा सो सवारी साधन सम्बन्धित निकायले विभाग वा कार्यालयमा यथाशिघ्र फिर्ता गर्नु पर्नेछ।

१३घ. **<u>नेपाल सरकारको नाममा कायम भएको घर जग्गाको उपयोग</u>** : ऐनको दफा १७ को उपदफा (४) बमोजिम नेपाल सरकारको नाममा कायम भएको घर जग्गा नेपाल सरकारले भाडामा लगाउन, लिजमा दिन, कुनै सरकारी निकायलाई उपलब्ध गराउन वा त्यस्तो जग्गामा खेती गराउन सक्नेछ।

## परिच्छेद-४

## <u>विविध</u>

१४. **<u>विभागको अन्य काम, कर्तव्य र अधिकारः</u>** ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त विभागको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) ऐनको दफा २४ को अधीनमा रही कोषको रकम प्रयोग गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम बनाई स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ख) कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनको संरक्षण सम्बन्धमा समय समयमा अनुगमन तथा निरीक्षण गर्ने,

(ग) रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनको व्यवस्थापन सम्बन्धमा कार्यालय वा अन्य निकायलाई आवश्यक निर्देशन दिने,



नेपाल कानून आयोग

(घ) कसूरजन्य सम्पत्ति वा साधन रोक्का, नियन्त्रण वा जफत गर्ने सम्बन्धमा अनुसन्धान अधिकारीसँग आवश्यक समन्वय गर्ने।

**१५.** **कोषको प्रयोगः** (१) कोषको रकम प्रयोग गर्नु अघि समितिबाट कार्यक्रम स्वीकृत गराउनु पर्नेछ।

(२) समितिको स्वीकृति बिना कोषको रकम खर्च गर्ने गरी कार्यक्रम बनाउन र खर्च गर्न हुँदैन।

**१६.** **धरौटी खाताको सञ्चालनः** ऐनको दफा १५ बमोजिमको धरौटी खाताको सञ्चालन विभागको प्रमुख वा निजले तोकेको विभागको कुनै अधिकृतस्तरको कर्मचारी र आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

**१७.** **धरौटी फिर्ताः** (१) ऐनको दफा ७ बमोजिम धरौटी खातामा जम्मा गरेको रकम जुन सम्पत्ति वा साधनबाट प्राप्त भएको हो त्यस्तो सम्पत्ति वा साधन कसूरजन्य सम्पत्ति वा साधन नभएको भनी अदालतबाट अन्तिम फैसला भएमा त्यस्तो रकम सम्बन्धित धनीलाई फिर्ता दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम धरौटी खातामा जम्मा गरेको रकम फिर्ता लिनको लागि सम्बन्धित धनीले फैसलाको जानकारी पाएको मितिले छ महिनाभित्र सो फैसलाको प्रतिलिपि साथै राखी काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाको हकमा विभागमा र अन्य जिल्लाको हकमा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको निवेदन परेमा विभाग वा कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो व्यक्तिलाई रकम फिर्ता गर्नु पर्ने देखिएमा निजलाई भरपाई गराई त्यस्तो रकम फिर्ता दिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिमको अवधिभित्र रकम फिर्ताको लागि निवेदन नपरेमा त्यस्तो रकम तथा अदालतको अन्तिम फैसलाबाट जफत हुने ठहरेको कसूरजन्य सम्पत्ति वा साधन बापतको धरौटी खातामा जम्मा गरेको रकम विभाग वा कार्यालयले कोषमा जम्मा गर्नु पर्नेछ।

**१८.** **समितिको अन्य काम, कर्तव्य र अधिकारः** ऐनको दफा २६ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अदालतको आदेश बमोजिम जफत भएका सम्पत्ति वा साधनको व्यवस्थापन तथा प्रयोग सम्बन्धमा विभागलाई आवश्यक निर्देशन दिने,

(ख) कोषको रकमको प्रयोग गर्ने सम्बन्धमा विभागबाट पेश भएका कार्यक्रम स्वीकृत गर्ने।

≅**१८क. <u>कसूरजन्य सम्पत्ति, साधनको सूचना व्यवस्थापन प्रणाली</u>** : (१) कसूरको अनुसन्धानको क्रममा रोक्का वा नियन्त्रणमा राखिएका तथा अदालतको फैसला वा आदेशबमोजिम जफत हुने ठहरेका कसूरजन्य सम्पत्ति तथा साधनको एकीकृत विवरण राख्ने, सोको विश्लेषण गर्ने र प्रतिवेदन तयार गर्ने प्रयोजनको लागि विभागले विद्युतीय सूचना व्यवस्थापन प्रणाली विकास गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रणालीमा कसूरको सम्बन्धमा अनुसन्धान गर्ने तथा अभियोजन गर्ने निकायले विवरण प्रविष्टी गर्नसक्ने गरी विभागले त्यस्ता निकायलाई पहुँच उपलब्ध गराउनेछ।

(३) उपनियम (२) बमोजिमको विवरण प्रविष्टी गर्ने प्रयोजनको लागि विभागले आवश्यक समन्वय र सहजीकरण गर्नु पर्नेछ।

≅**१८ख. <u>जफत भएको सम्पत्ति वा साधनको विवरण माग गर्नसक्ने</u>** : (१) ऐनको दफा १७ बमोजिमको सम्पत्ति वा साधनको व्यवस्थापनको लागि विभाग वा कार्यालयले कुनै निकायमा रहेका कागजात वा विवरण माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम माग भएको कागजात वा विवरण उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

≅**१८ग. <u>फैसला वा आदेशको विवरण उपलब्ध गराउने</u>** : (१) ऐनको दफा १७ बमोजिम सम्बन्धित सरकारी वकिल कार्यालयले अदालतबाट जफत हुने ठहरेको सम्पत्ति वा साधनको व्यवस्थापनको लागि अदालतको फैसला वा आदेशको प्रमाणित प्रतिलिपि यथाशिघ्र विभाग वा कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको फैसला वा आदेशको प्रमाणित प्रतिलिपि सम्बन्धित अदालतले नियम १८क. बमोजिमको प्रणालीबाट समेत उपलब्ध गराउन सक्नेछ।

(३) उपनियम (२) को प्रयोजनको लागि विभागले अदालतलाई नियम १८क. बमोजिमको प्रणालीमा आबद्ध गराउन सक्नेछ।

**१९. <u>अनुसूचीमा हेरफेर गर्न सक्ने</u>:** मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

---

≅ पहिलो संशोधनद्वारा थप।



नेपाल कानून आयोग

# अनुसूची-१

(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

**रोक्का राखेको वा नियन्त्रणमा लिएको सम्पत्ति वा साधनको विवरण**

| क्र.सं. | सम्पत्ति वा साधनको विवरण | परिमाण (सम्पत्ति वा साधनको प्रकृति अनुसार) | सम्पत्ति वा साधनको धनी वा कसबाट प्राप्त भएको हो त्यस्तो व्यक्तिको नाम, थर, ठेगाना | सम्पत्ति वा साधनको अनुमानित मूल्य (रू. मा) | सम्पत्ति वा साधन प्राप्त गर्दाको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

विवरण तयार गर्नेको,-
नाम, थर :
पद :
दस्तखत :
मिति :

विवरण प्रमाणित गर्नेको,-
नाम, थर :
पद :
दस्तखत :
मिति :

नेपाल कानून आयोग

# ≅अनुसूची-१क.

(नियम ८ को उपनियम (१क) को खण्ड (ग) र नियम ८क. को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

## कसूरजन्य सवारी साधनको बरबुझारथ भरपाई

सवारी साधन नं. मितिः

| सवारी साधनको विवरण | | |
|---|---|---|
| १. | सवारी साधन दर्ता नंः | सवारी साधन दर्ता भएको देशः |
| २. | सवारी साधन उत्पादन कर्ताः | मोडेल\वर्षः |
| ३. | बनेको सालः | विन/च्यासिस नं. : |
| ४. | ईन्जिन नं.: | सि.सि./हर्ष पावरः |
| ५. | सिलिण्डर सङ्ख्या : | सवारी रङ्ग : |
| ६. | ईन्धनको किसिम : | चालक सहित सिट सङ्ख्या : |
| लाईट/ईलेक्ट्रिकलः | | |
| तलका पार्ट पुर्जाहरू छन् कि छैनन्? छन् भने कस्तो अवस्थामा छन्?ः | | |

≅ पहिलो संशोधनद्वारा थप।

नेपाल कानून आयोग

| क्रम सङ्ख्या | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | हेड लाईट हाई बिम | | | |
| २. | हेड लाईट लो बिम | | | |
| ३. | ब्याक लाईट | | | |
| ४. | टर्न/सिग्नल लाईट | | | |
| ५. | ब्रेक लाईट | | | |
| ६. | फोग लाईट | | | |
| ७. | पार्किङ लाईट | | | |
| ८. | कैबिन लाईट | | | |
| ९. | ब्याट्री | | | |
| १०. | डाईनामो/अल्टरनेटर | | | |
| ११. | वायरिङ्ग | | | |
| १२. | अन्य | | | |

नेपाल कानून आयोग

| बोडी, फ्रेम र च्यासिस | | | | |
|---|---|---|---|---|
| तलका पार्ट पुर्जाहरू छन् कि छैनन्? छन् भने कस्ता अवस्थामा छन्? | | | | |
| क्रम सङ्ख्या | विवरण | छ | छैन | कैफियत |
| १. | बोनेट | | | |
| २. | अगाडिको बायाँ ढोका | | | |
| ३. | अगाडिको दायाँ ढोका | | | |
| ४. | पछाडिको बायाँ ढोका | | | |
| ५. | पछाडिको दायाँ ढोका | | | |
| ६. | डिक्की | | | |
| ७. | अगाडिको बायाँ झ्याल | | | |
| ८. | अगाडिको दायाँ झ्याल | | | |
| ९. | पछाडिको बायाँ झ्याल | | | |

नेपाल कानून आयोग

| | | | | |
|---|---|---|---|---|
| १०. | पछाडिको दायाँ झ्याल | | | |
| ११. | अगाडिको ठूलो हावा छेक्ने सिसा | | | |
| १२. | साईड हेर्ने ऐना बायाँ | | | |
| १३. | साईड हेर्ने ऐना दायाँ | | | |
| १४. | पछाडिको ठूलो ग्लास | | | |
| १५. | बायाँ भेन्ट सिसा | | | |
| १६. | दायाँ भेन्ट सिसा | | | |
| १७. | बायाँ क्वार्टर सिसा | | | |
| १८. | दायाँ क्वार्टर सिसा | | | |
| १९. | अगाडिको बायाँ चक्का टायर र रिम | | | |
| २०. | अगाडिको दायाँ चक्का टायर र रिम | | | |
| २१. | पछाडिको बायाँ चक्का टायर र रिम | | | |

नेपाल कानून आयोग

| | | | | |
|---|---|---|---|---|
| २२. | पछाडिको दायाँ चक्का टायर र रिम | | | |
| २३. | स्पेएर टायर र रिम | | | |
| २४. | च्यासिस/फ्रेम | | | |
| २५. | अगाडिको बायाँ सक/डैम्पर | | | |
| २६. | अगाडिको दायाँ सक/डैम्पर | | | |
| २७. | अगाडिको बायाँ सक/डैम्पर | | | |
| २८. | अगाडिको दायाँ सक/डैम्पर | | | |
| २९. | सिट | | | |
| ३०. | अन्य | | | |
| ईन्जिन, पावर ट्रान्समिसन र अन्य | | | | |
| तलका पार्ट पुर्जाहरू छन् कि छैनन्? छन् भने कस्तो अवस्थामा छन्? | | | | |
| क्रम सङ्ख्या | विवरण | छ | छैन | कैफियत |

नेपाल कानून आयोग

| | | | | |
|---|---|---|---|---|
| १. | ईन्जिन | | | |
| २ | गियर बक्स | | | |
| ३. | पावर ट्रान्समिसन प्रणाली | | | |
| ४. | स्टेरिङ्ग | | | |
| ५. | रेडियो/अडियो | | | |
| ६. | क्यामेरा/विडियो/एन्ड्रोवायड | | | |
| ७. | एयर कन्डिसन | | | |
| ८. | ड्यासबोर्ड | | | |
| ९. | ओडोमिटर/एस्पिडोमिटर | | | |
| १०. | अन्य | | | |

<u>सामान बुझाउने-</u>
कर्मचारीको नामः
पदः
कर्मचारी सङ्केत नं.
दस्तखतः
मितिः
विभाग/कार्यालयको छापः

<u>सामान बुझिलिने-</u>
कर्मचारीको नामः
पदः
कर्मचारी सङ्केत नं.
दस्तखतः
मितिः
विभाग/कार्यालयको छापः

नेपाल कानून आयोग

## ≅**अनुसूची-१ख.**

(नियम ८ को उपनियम (१क) को खण्ड (ग) र नियम ८क. को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

नेपाल सरकार

गृह मन्त्रालय

कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग /जिल्ला प्रशासन कार्यालय,……………..

**कसूरजन्य सवारी साधनबाहेकको अन्य वस्तुको बरबुझारथ भरपाई**

| क. सं. | वस्तुको नाम | अन्य वस्तुको नाम पहिचान नं | परिमाण | एकाई | मोडल नं. (भएमा) | स्पेशीफिकेशन (भएमा) | बनेको साल | परल मूल्य | प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

सामान बुझाउनेको:
नामः
पदः
कर्मचारी सङ्केत नं.
दस्तखतः
मितिः
विभाग/कार्यालयको छापः

सामान बुझिलिनेको:
नामः
पदः
कर्मचारी सङ्केत नं.
दस्तखतः
मितिः
विभाग/कार्यालयको छापः

≅ पहिलो संशोधनद्वारा थप।

नेपाल कानून आयोग

# अनुसूची-२

(नियम ८ को उपनियम (३) सँग सम्बन्धित)

**<u>बैङ्कमा जम्मा गरेको विदेशी मुद्रा, विनिमेय अधिकारपत्र वा बहुमूल्य धातु वा वस्तु सम्बन्धी विवरण</u>**

| क्र.सं. | बैङ्कमा जम्मा गरेको विदेशी मुद्राको विवरण | विनिमेय अधिकारपत्र को विवरण | बहुमूल्य धातु/वस्तुको विवरण | विदेशी मुद्रा/विनिमेय अधिकारपत्र/बहुमूल्य धातु/वस्तुको धनी वा कसबाट प्राप्त भएको हो त्यस्तो व्यक्तिको नाम,थर, ठेगाना | विनिमेय अधिकारपत्र/बहुमूल्य धातु/वस्तुको मूल्य (अनुमानित रू. मा) | विदेशी मुद्रा/ विनिमेय अधिकारपत्र/बहुमूल्य धातु/वस्तु प्राप्त गर्दाको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

<u>विवरण तयार गर्नेको</u>,-
नाम, थर :
पद :
दस्तखत :
मिति :

<u>विवरण प्रमाणित गर्नेको</u>,-
नाम, थर :
पद :
दस्तखत :
मिति :



नेपाल कानून आयोग

**अनुसूची-३**

(नियम १० को उपनियम (१) सँग सम्बन्धित)

**<u>लिलाम बिक्री गरेको सम्पत्ति वा साधनको विवरण</u>**

| क.सं. | सम्पत्ति वा साधनको विवरण | परिमाण (सम्पत्ति वा साधनको प्रकृति अनुसार) | जफत भएको मिति र जफत गर्ने आदेश दिने अदालत | लिलामबाट प्राप्त रकम (रू. मा) | लिलाम सकार गर्ने व्यक्ति/कम्पनीको नाम | धरौटी खाता रहेको बैङ्कको नाम र ठेगाना | धरौटी खातामा आम्दानी बाँधेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

<u>विवरण तयार गर्नेको</u>,-
नाम, थर :
पद :
दस्तखत :
मिति :

<u>विवरण प्रमाणित गर्नेको</u>,-
नाम, थर :
पद :
दस्तखत :
मिति :

नेपाल कानून आयोग

नेपाल कानून आयोग